# प्रदेश विशेष अनुदानसम्बन्धी कार्यविधि,२०७५

**मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०७५ मंसिर २८ गते**

<u>संशोधन</u>

विशेष अनुदान सम्वन्धी (पहिलो संशोधन)कार्यविधि,२०७६

**<u>प्रस्तावना</u>**ः प्रदेश सरकारबाट स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा १० बमोजिम प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(ङ) "विशेष अनुदान" भन्नाले प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ७ वमोजिमको विशेष अनुदान सम्झनु पर्छ।

✎(च) "विषयगत मन्त्रालय" भन्नाले प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद-२

## <u>अनुदान प्रदान गरिने क्षेत्र तथा कार्यक्रमको छनौट</u>

३. **<u>विशेष अनुदान प्रदान गरिने क्षेत्र</u>**:(१) मानव विकास सूचकाङ्कको आधारमा राष्ट्रिय औषत भन्दा तल परेका देहायका कुनै खास क्षेत्र तथा विशेष योजनाको लागि प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्न सक्नेछ :-

(क) साक्षरता प्रतिशत राष्ट्रिय औषत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने विशेष शैक्षिक योजना तथा कार्यक्रम।

---

✎ पहिलो संशोधनद्वारा थप।

(ख) आधारभुत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय तथा बाल तथा मातृ मृत्यूदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्वन्धी विशेष योजना तथा कार्यक्रम,

(ग) खानेपानी सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायका लागि खानेपानी सुविधा उपलब्ध गराउने विशेष योजना तथा कार्यक्रम,

(घ) खाद्यान्न उत्पादन अभिवृद्धि तथा वितरण सम्वन्धी योजना तथा कार्यक्रम,

(ङ) कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्वन्धी योजना तथा कार्यक्रम,

(च) अल्पसंख्यक तथा पिछडिएको समुदायको उत्थान गरिने विशेष योजना तथा कार्यक्रम,

(छ) सिंचाई सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(ज) स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका विशेष योजना तथा कार्यक्रम ।

(झ) प्रदेश सरकारले निर्णय गरी घोषणा गरेका विशेष कार्यक्रम ।

✎**३क. विशेष अनुदान प्रदान गरिने ढाँचाहरुः-** (१) स्थानीय तहले विशेष अनुदान माग गर्दा दफा ३ मा उल्लेख भएका क्षेत्र तथा विशेष योजनाहरुमध्ये कुनै एक क्षेत्रमा माग गर्न सक्नेछ।

(२) विशेष अनुदान उपलब्ध गराउँदा प्रस्तावित आयोजना वा कार्यक्रमको कुल लागतको आधारमा प्रदान गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको तर्फबाट प्रदान गरिने अनुदान रकम ठेक्का सम्झौताभन्दा बढी हुने छैन।

४. **विशेष अनुदान प्रदान नहुने** : (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि देहायका प्रकृतिका योजना तथा कार्यक्रमका लागि विशेष अनुदान उपलव्ध गराइने छैन :-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका योजना तथा कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका योजना तथा कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

---

✎ पहिलो संशोधनद्वारा थप।

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने योजना तथा कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालका योजना तथा कार्यक्रम,

(छ) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रममा दोहोरो पर्ने गरी माग भएका योजना तथा कार्यक्रम,

५. **आयोजना तथा कार्यक्रम छनौटः** (१) प्रदेश सरकारले ऐनको दफा ७ को व्यवस्था बमोजिमका क्षेत्रगत आयोजना तथा कार्यक्रमको लागि आवश्यकता र औचित्यको आधारमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ।

(२)स्थानीय तहले आयोजना तथा कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्य, सो बाट लाभान्वित जनसंख्या, सम्वन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरिवी न्यूनीकरणमा सहयोग पुग्ने, रोजगारी सृजनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने किसिमका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

(३) स्थानीय तहले उपदफा (२) बमोजिम आयोजना तथा कार्यक्रमको माग पेश गर्दा सम्वन्धित स्थानीय तहबाट निर्णय गराई पेश गर्नु पर्नेछ।

(४) स्थानीय तहले उपदफा (१) बमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोतबाट समानीकरण,सशर्त र समपूरक अनुदानबाट सञ्चालित योजना, कार्यक्रम तथा विगतमा सम्पन्न भएका योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नुपर्नेछ।

६. **निवेदन दिनु पर्नेः** (१) स्थानीय तहले ऐनको दफा ७ बमोजिमको क्षेत्रमा विशेष अनुदान आवश्यक पर्ने भए प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र अनुसूची बमोजिमको ढाँचामा देहायका विषयहरु खुलाई मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछः-

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय, लागत इस्टिमेट विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र कुल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य प्रतिफलको मापनयोग्य विवरण,

(ङ) लागत सहभागिताको सम्भावना रहेकोमा आफ्नो तर्फबाट व्यहोरिने लागतको अंश,

(च) समय समयमा प्रदेश सरकारले तोकेका अन्य विवरण।

(२) मन्त्रालयले आवश्यकता अनुसार विशेष अनुदानको लागि आयोजना तथा कार्यक्रम छनौट गरी पठाउन सबै स्थानीय तहलाई सूचना पठाउन सक्नेछ।

✍(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको बजेट तथा कार्यक्रममा परेका क्षेत्र विशेषका आयोजना/कार्यक्रममा स्थानीय तहलाई विशेष अनुदान दिई कार्यान्वयन गराउन सकिनेछ।

✍(४) उपदफा (३) अनुसार स्थानीय तहमा विशेष अनुदान हस्तान्तरण गर्दा विषयगत मन्त्रालयले सम्बन्धित स्थानीय तह र मन्त्रालयको सहमति लिई प्रदेश सरकार मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्नेछ।

७. **योजना तथा कार्यक्रम छनौट समितिः**(१)स्थानीय तहले विशेष अनुदानवाट सञ्चालन गर्न दफा ६ बमोजिम प्रस्ताव भई आएमा कार्यक्रमको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| (ख) उप सचिव, योजना हेर्ने महाशाखा, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत सबै मन्त्रालय | सदस्य |
| (घ) उप सचिव, वित्त व्यवस्थापन महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) उप सचिव,प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| (च) उप सचिव,बजेट योजना तथा कार्यक्रम महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य सचिव |

(२) समितिले उपदफा (१) बमोजिम कार्यक्रम छनौट गर्दा संघ, प्रदेश र स्थानीय तहको अन्य स्रोतबाट सञ्चालित योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ

(३) उपदफा (१) बमोजिमको समितिले योजनाको संभाव्यता, लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, कार्यान्वयनका लागि आवश्यक भौतिक तथा वित्तीय क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकता जस्ता विषयहरुलाई आधार मानी अधिकतम उपलब्धी हासिल हुने योजनालाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम आयोजना छनौट गर्ने कार्य सामान्यतया प्रत्येक वर्षको फागुन मसान्तभित्र सम्पन्न गर्नु पर्नेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि स्थानीय तहले विशेष अनुदानको लागि कुनै योजना तथा कार्यक्रम पेश नगरेको अवस्थामा प्रदेश सरकारले कुनै विशेष क्षेत्र वा समुदायको उत्थानको लागि विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा ऐनको दफा ७ बमोजिमको क्षेत्रमा विशेष अनुदान प्रदान गर्न बाधा परेको मानिने छैन।

---
✍ पहिलो संशोधनद्वारा थप।

८. **आयोजना छनौट र कार्यान्वयनः** (१) दफा ७ बमोजिमको समितिको सिफारिसको आधारमा मन्त्रालयले विशेष अनुदान प्रदान गर्ने आयोजना छनौट गर्नेछ ।

(२) मन्त्रालयबाट उपदफा (१) बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्न स्थानीय तहलाई तीन दिन भित्र सूचना दिइनेछ।

(३) स्थानीय तहले उपदफा (२) बमोजिमको सूचना प्राप्त गरेको मितिले सात दिनभित्र कार्य प्रकृया अगाडि बढाउनुपर्नेछ ।

✎(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट तथा कार्यक्रमसँगै छनौट भएका आयोजना र कार्यक्रमको विवरण अन्तरसरकारी वित्त हस्तान्तरण पुस्तिकामा प्रकाशन गरिनेछ। यस्ता आयोजना र कार्यक्रमको छुट्टै सम्झौता गरिनेछैन।

✎ (५) आयोजना वा कार्यक्रमसँग सम्बन्धित विवरण सबैले देख्ने गरी होडिङ्ग बोर्डमा राख्नुपर्नेछ। यस्तो विवरणमा आयोजनाको नाम, आयोजना निर्माण कम्पनी, आयोजना सुरु र सम्पन्न हुने मिति, लागत रकम, लाभान्वित जनसंख्या तथा यससँग सम्बन्धित अन्य आवश्यक विवरण समावेश गर्नुपर्नेछ।

९. **आवधिक योजनामा समावेश गर्नु पर्नेः** स्थानीय तहले विशेष अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई वार्षिक कार्यक्रम तथा आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

## परिच्छेद-३

## योजनाको सञ्चालन, कार्यान्वयन तथा अनुगमन

१०. **आयोजनाको सञ्चालन र कार्यान्वयनः** (१)आयोजना तथा कार्यक्रम संचालन गर्दा सार्बजनिक खरिद ऐन तथा प्रचलित नेपाल कानुनको पालना गर्नु पर्नेछ।

(२) योजना तथा कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्यानुपर्नेछ। सोको लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने व्यवस्था गर्नुपर्नेछ।

११. **अनुदान रकम खर्च गर्ने विधि र प्रक्रियाः** (१) स्थानीय तहले विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनुपर्नेछः

(क) विशेष अनुदान रकम जुन योजना तथा कार्यक्रमका लागि प्रदान गरिएको हो सोही योजना तथा कार्यक्रममा खर्च गर्नुपर्नेछ,

(ख) स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ।

(ग) विशेष अनुदान बापत प्राप्त रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन।

---

✎ पहिलो संशोधनद्वारा थप।

(घ) विशेष अनुदान बापत प्राप्त रकम अन्य खर्च शीर्षकमा रकमान्तर गर्न पाइने छैन।

(ङ) विशेष अनुदानको रकमबाट तलव भत्ता, मर्मत, सम्भार, मसलन्द लगायतका प्रशासनिक खर्च परामर्श सेवा आदिमा खर्च गर्न पाइने छैन।

(च) विशेष अनुदान बापत प्राप्त रकम आयोजना तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने तोकिएको समयावधि भित्र खर्च गर्नुपर्नेछ।

🕮(छ) स्थानीय तहलाई विशेष अनुदान वापतको रकम हस्तान्तरण गर्दा कार्य प्रगतिको आधारमा बढीमा तीन किस्तामा गरिनेछ। तर प्रदेश सरकारको बजेट कार्यक्रमसँगै छनौट भई कार्यान्वयमा पठाइएका विशेष अनुदानका आयोजनाको रकम मध्ये प्रदेश सरकारले व्यहोर्ने रकमको ५० प्रतिशत रकम श्रावण २५ गते भित्र हस्तान्तरण गरिने र बाँकी ५० प्रतिशत रकम आयोजना सम्पन्न प्रतिवेदन प्राप्त भएपछि हस्तान्तरण गरिनेछ।

(ज) विशेष अनुदानमा संचालन गरिने परियोजनामा कन्टिन्जेन्सी बापत कुल लागतको दुई प्रतिशत भन्दा बढी राख्न पाईने छैन।

(झ) विशेष अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखापरिक्षण गराउनु पर्नेछ।

✍(ञ) स्थानीय तहले आर्थिक वर्षको अन्त्यसम्म खर्च हुन नसकेको विशेष अनुदानको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

(२) विशेष अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट सो आयोजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम संचालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो अनुदान बापत उपलब्ध गराएको रकम प्रदेश संचितकोषमा फिर्ता गर्नुपर्नेछ। उद्देश्य अनुरूप आयोजना तथा कार्यक्रम कार्यान्वयन नगर्ने र विशेष अनुदान फिर्ता नगर्ने स्थानीय तहलाई आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट यस्तो रकम कट्टा गर्न सक्नेछ।

१२. <u>**आयोजनाको समयावधि थप नहुनेः**</u> विशेष अनुदानबाट संचालनमा रहेका योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ। तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमको कार्य सम्पन्न नभएका बाँकी कामको लागि रकम निकासा दिइने छैन।

✍ तर आर्थिक वर्ष २०७५/७६ मा शुरू भई सम्पन्न हुन बाँकी रहेका आयोजना/ कार्यक्रमहरु २०७६ पौष मसान्तभित्र सम्पन्न गरी बाँकी अनुदान माग गर्न आएमा त्यस्ता आयोजना/ कार्यक्रमहरुलाई प्रदेश सरकारले प्रतिवद्धता जनाएको हस्तान्तरण गर्न बाँकी अनुदान रकम हस्तान्तरण गर्न सक्नेछ।

---

✍ पहिलो संशोधनद्वारा थप।

🕮 पहिलो संशोधन द्वारा संशोधित।

📖 **१३. आन्तरिक नियन्त्रण/अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले विशेष अनुदानका आयोजना कार्यान्वयन गर्दा पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली सुनिश्चित गर्नु पर्नेछ।

(२) प्रदेश सरकारका विषयगत निकाय, प्रदेश सभा सदस्य, प्रदेश सरकारले खटाएका पदाधिकारी तथा कर्मचारीबाट आयोजना/कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ।

## परिच्छेद-४
## विविध

**१४. प्रतिवेदन गर्नुपर्नेः** सबै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

**१५. बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिमा कार्यान्वयनको सम्बन्धमा प्रकृया सरलीकरण गर्ने, अनुसूची हेरफेर गर्ने जस्ता विषयमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ।

---
📖 पहिलो संशोधन द्वारा संशोधित।

<u>**अनुसूची**</u>

(कार्यविधिको दफा ६ सँग सम्बन्धित)

**विशेष अनुदान माग गर्ने निवेदन**

स्थानीय तहको नाम :

जिल्ला :

फोन,फ्याक्स र इमेल :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

कार्यक्रम वा आयोजनाको कूल लागत रु. :

**लागत सहभागिता भएमामात्र**

कुल लागतमा स्थानीय तहको लागत सहभागिता अनुपात रकम :

अन्य, निजी तथा सामुदायिक संघ संस्थाको लागत सहभागिता अनुपात रकम :

प्रदेश सरकारले व्यहोर्ने रकम :

आवश्यक संलग्न कागजातहरु :

१. ................................

२. ................................

३. ................................

**दस्तखत :**

नाम :

पद:

मिति :

[द्रष्टव्यः- यस कार्यविधिको दफा ४ मा उल्लिखित विषय वा क्षेत्र भन्दा बाहिर रहेका आयोजना/कार्यक्रम प्रस्ताव गरिएको छ।]